**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः २५ जुलाई २०२४**
**समयः १८:५० - १९:०० बजे**

**प्रमुख समाचार**

१.प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि २५ औं कारगिल विजय दिवसको अवसरमा कारगिल युद्ध स्मारकको अवलोकन गर्नुहुनेछ । उहाँले कर्तव्यपालको क्रममा सर्वोच्च बलिदान दिने सैनिकहरुप्रति श्रद्धाञ्जलि अर्पण गर्नुहुनेछ।

२.राष्ट्रपति द्रौपदी मुर्मुले विद्यार्थीहरूलाई पर्यावरण संरक्षणका लागि थ्री आर नियम पालना गर्नए कम गर्नए पुनः प्रयोग गर्न र रिसाइकल गर्न आग्रह गर्नुभएको छ।

३. सरकारले कूल १५ हजार ३०० मेगावाट क्षमताका २१ वटा परमाणु संयन्त्र तयारीको विभिन्न चरणमा रहेको जनाएको छ।

४. सरकारले डाक नेटवर्क मार्फत निर्यातलाई बढावा दिन को लागी देशभरि एक हजार १३ डाक निर्यात केन्द्र स्थापना गरेको छ।

५.आयकर विभागले पश्चिम बंगालको बहुचर्चित शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा दुई प्रमुख आरोपीहरूको अप्रत्यक्ष स्वामित्वमा रहेको सम्पत्तिहरूको पहिचान गर्न शुरू गरेको छ।

**प्रधानमन्त्री -कारगिल दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले २५ औं कारगिल विजय दिवसको अवसरमा भोलि कारगिल युद्ध स्मारकको अवलोकन गर्नुहुनेछ । उहाँले कर्तव्यपालनका क्रममा सर्वोच्च बलिदान दिने सैनिकहरुप्रति श्रद्धाञ्जलि अर्पण गर्नुहुनेछ। श्री मोदीले शिनकुन ला टनेल परियोजनाको पहिलो विस्फोटको पनि भर्चुअल रूपमा अवलोकन गर्नुहुनेछ। ४ दसमलब १ किलोमिटर लामो यो ट्वीन ट्यूब टनेल निमु–पादुम–दार्चा रोडमा लगभग पन्ध्र हजार ८ सय फिटको उचाईमा निर्माण गरिनेछ। निर्माण सम्पन्न भएपछि यो विश्वकै सबैभन्दा अग्लो सुरुङ हुनेछ। शिनकुन ला टनेलले सशस्त्र बल र उपकरणहरूको द्रुत र कुशल आवागमन सुनिश्चित गर्नुका साथै लद्दाखमा आर्थिक र सामाजिक विकासलाई पनि बढावा दिनेछ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु- बिधार्थी**

राष्ट्रपति द्रौपदी मुर्मूले आफ्नो दुई वर्षे कार्यकाल पूरा गरेको अवसरमा आज नयाँ दिल्लीस्थित प्रेसिडेन्ट्स इस्टेट स्थित डा. राजेन्द्र प्रसाद केन्द्रीय विद्यालयको नवौँ कक्षाका विद्यार्थीहरूलाई पड़ाउनु भएको छ । विद्यार्थीहरुसँगको अन्तरक्रियामा उहाँले आधुनिक विश्वमा उत्पन्न हुने विभिन्न समस्याका बारेमा अवगत गराउनु भएको छ । जलवायु परिवर्तन र ग्लोबल वार्मिङका कारण सिर्जित गम्भीर चुनौतीतर्फ इंगित गर्नुहुदै राष्ट्रपति मुर्मुले विद्यार्थीहरूलाई पर्यावरण संरक्षणका लागि थ्री आर नियम पालना गर्नए कम गर्नए पुनः प्रयोग गर्न र रिसाइकल गर्न आग्रह गर्नुभएको छ। राष्ट्रपति मुर्मुले विद्यार्थीहरूलाई यी समस्याहरूको बारेमा मानिसहरूलाई सूचित गर्न र यस संसारलाई अझ राम्रो स्थान बनाउन योगदान दिन आग्रह गर्नुभएको छ।

****** ० ******

**केन्द्रीय महिला तथा बाल विकास मन्त्री**

केन्द्रीय महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले बर्ष २०२४–२५ मा महिला कल्याण र सशक्तिकरणका लागि ३.३ लाख करोड रुपियाँको लैङ्गिक बजेट आवन्टन गरिएको जानकारी दिनुभएको छ स नयाँ दिल्लीमा पत्रकारहरुसँग बातचित गर्नुहुदै उहाँले आर्थिक वर्ष २०२३–२४ को तुलनामा ३७.३ प्रतिशत अधिक बजेट आवन्टन गरिएको बताउनुभएको छ । उहाँले भन्नुभएको छ -प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारत निर्माणका लागि लिएको सङ्कल्प अनुरूप सरकार महिला विकासबाट महिलाहरुको नेतृत्वमा विकासतर्फ अघि बढिरहेको छ ।

****** ० ******

**सरकार न्यायाधीश**

सरकारले पछिल्लो १० वर्षमा उच्च अदालतमा न्यायाधीशहरुको संख्या ९०६ बाट बढेर एक हजार ११४ पुगेको जनाएको छ । राज्यसभामा एक लिखित जवाफमा कानुन तथा न्यायमन्त्री अर्जुनराम मेघवालले सर्वोच्च न्यायालय र उच्च न्यायालयका न्यायाधीशहरू भारतको संविधान अन्तर्गत नियुक्त गरिएको बताउनु भएको छ। सर्वोच्च न्यायालयको कोलेजियमले सिफारिस गरेका व्यक्तिलाई मात्र न्यायाधीशमा नियुक्त गर्ने गरिएको उहाँले बताउनु भएको छ ।

****** ० ******

सरकार परमाणु संयंत्र

सरकारले कूल १५ हजार ३०० मेगावाट क्षमताका २१ वटा परमाणु संयन्त्र तयारीको विभिन्न चरणमा रहेको जनाएको छ । प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज राज्यसभामा यस आशयको जानकारी दिनुभएको छ । हाल देशमा २४ वटा परमाणु संयन्त्र को बर्तमान स्थापित ऊर्जा क्षमता ८ हजार १ सय ८० मेगावाट रहेको छ स सन् २०३१–३२ सम्ममा यो बढेर २२ हजार ४ सय ८० मेगावाट पुग्ने उहाले बताउनु भएको छ । सन् २०१३–१४ मा ३४ हजार दुई सय २८ मिलियन युनिट रहेको परमाणु ऊर्जा संयन्त्रमा वार्षिक विद्युत् उत्पादन सन् २०२३–२४ मा बढेर ४७ हजार ९७१ मिलियन युनिट पुगेको उहाले बताउनु भएको छ ।

****** ० ******

**सरकार डाकघर नेटवर्क**

सरकारले डाक नेटवर्क मार्फत निर्यातलाई बढावा दिन को लागी देशभरि एक हजार १३ डाक निर्यात केन्द्र स्थापना गरेको छ। सञ्चार तथा ग्रामीण विकास राज्यमन्त्री डा. पेम्मासानी चन्द्र शेखरले आज लोकसभामा एक प्रश्नको लिखित जवाफदिनुहुदै उक्त जानकारी दिनुभएको हो । उहाँले केन्द्रहरूले सीमापार ई-वाणिज्यलाई सुविधा प्रदान गर्दछ र कारीगरहरूए बुनकरहरूए शिल्पकारहरू र सूक्ष्मए साना र मझौला उद्यमहरूलाई सक्षम बनाउँदछ।

****** ० ******

**सर्वोच्च न्यायालय -न्यायमूर्ति संजीव खन्ना**

सर्वोच्च न्यायालयका न्यायमूर्ति सञ्जीव खन्नाले लोक अदालत हाम्रो वैकल्पिक विवाद समाधान संयन्त्रको मेरुदण्ड भएको बताउनु भएको छ । उहाँले लोक अदालतले न्यायालयहरुको बाहिरको विवाद सुल्झाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनु भएको छ । आकाशवाणी समाचारलाई दिएको एक विशेष अन्तर्वार्तामा न्यायमूर्ति खन्नाले मानिसहरूलाई यस महिनाको २९ तारिखदेखि ३ अगष्टसम्म आगामी विशेष लोक अदालतहरूको सेवाहरू लिन सल्लाह दिनुभएको छ स सर्वोच्च न्यायालयले आयोजना गर्ने विशेष लोक अदालतहरूमा पनि भिडियो कन्फरेन्स मार्फत सुनुवाइको सुविधा हुने उहाँले बताउनु भएको छ ।

****** ० ******

**विदेश राज्य मंत्री भारतीय पासपोर्ट**

विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले भारतीय पासपोर्ट धारकहरुलाई १६ देशले निःशुल्क भिजा मुक्त प्रवेश दिने गरेको जानकारी दिनुभएको छ । भारतीय पासपोर्टधारकहरुको आगमन को लागि भिसा दिने ४० देश र इ–भिसा ४७ देशले दिने गरेको उहाले बताउनुभएको छ । उहाले ए षविश्वभरि यात्रालाई सहज बनाउन भारतीयहरूलाई भिसा-मुक्त प्रवेशए भिसा-अन-अराइभल र ई-भिसा सुविधा प्रदान गर्न सक्ने देशहरूको संख्या बढाउन केन्द्र निरन्तर प्रयास गरिरहेको जानकारी दिनुभएको छ।

****** ० ******

**शिक्षक नियुक्ति -पश्चिम बंगाल**

आयकर विभागले पश्चिम बंगालको बहुचर्चित शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा दुई प्रमुख आरोपीहरूको अप्रत्यक्ष स्वामित्वमा रहेको सम्पत्तिहरूको पहिचान गर्न शुरू गरेको छ ससूत्र अनुसार, यी सम्पत्तिहरूलाई बेनामी लेनदेन (निषेध) अधिनियमए १९८८ अन्तर्गत आयकर विभागद्वारा गरिएको जाँचपछि पहिचान गरिँदैछ। यो अधिनियमले ती वित्तीय लेनदेनलाई निषिद्ध गर्दछ जसमा सम्पत्तिलाई एक व्यक्तिदेखि अर्को व्यक्तिको लागि मूल्यमा हस्तान्तरण गरिन्छ।आयकर अधिकारीहरूले अहिलेसम्ममा यस अधिनियम अन्तर्गत पश्चिम बंगालका पूर्व शिक्षामन्त्री पार्थ च्यटर्जी र उनकी निकटवर्ती सहयोगी अर्पिता मुखर्जीविरूद्ध जाँच गरेको छ। जुलाई, २०२२.मा प्रवर्तन निदेशालय (ईडी)-ले यिनीहरूको दुईवटा घरबाट करोड़ौं रुपियाँ नगद र सुन जफत गरेका थिए।

****** ० ******

**जलपाईगुड़ी- मृत्यु**

जलपाईगुड़ी जिल्लामा दुई पक्षमाझ भएको विवादमा घाइते कंग्रेसकार्यकर्ताको आज बिहान मृत्यु भएको छ। मृतक कंग्रेस कार्यकर्ताको नाम माणिक रोय बताइएको छ। यो घटना मयनागुड़ीको हठात कलोनीमा घटेको हो।घटनापछि मृतक रोयकी पत्नी स्वप्ना रोयले एघारजना मानिसहरू विरूद्ध मयनागुड़ी पुलिस थानामा लिखित प्राथमिकी दर्ता गराएकी छन्। पुलिसले अहिलेसम्ममा पाँचजनालाई पक्राउ गरिसकेको छ भने अन्यलाई खोजिरहेको छ। मयनागुड़ी थानाको पुलिस सम्पूर्ण घटनाको जाँचमा जुटेको छ।

****** ० ******

**पश्चिम बंगाल राज्यपाल -मुख्यमन्त्री**

पश्चिम बंगालका राज्यपाल सी.वी. आनन्द बोसले मुख्यमन्त्री ममता ब्यनर्जी समक्ष बंगलादेशको वर्तमान स्थितिमाथि राजनीतिद्वारा प्रेरित बयान नदिने आग्रह गर्नुभएको छ। राज्यपाल भन्नुभएको छ - , गैरजिम्मेवार बयानले देशको बाह्य मामिलालाई प्रभावित बनाउनसक्छ।

****** ० ******

**पश्चिम बङ्गाल सरकार-प्राधिकरण**

पश्चिम बङ्गाल सरकारले पुलिस कर्मचारीहरूविरुद्ध गम्भीर दुर्व्यवहारका आरोपहरूको अनुसन्धान गर्ने मुख्य उद्देश्यका साथ राज्यस्तरीय पुलिस प्राधिकरणको पुनर्गठन गरेको छ। यसमा हिरासतमा मृत्युए गम्भीर चोटपटक वा बलात्कार जस्ता घटनाहरू समावेश छन्। एक अधिकारीले यस आशय को जानकारी दिएको छ प्राधिकरणको नेतृत्व अवकाशप्राप्त न्यायाधीश असिमकुमार रायले गर्नुहुनेछ।

****** ० ******

**मिरिक बैडमिन्टन- शोक**

मिरिक बैडमिन्टन क्लबले आज एक शोक सभाको आयोजना गर्दै दार्जिलिंग गोर्खा हिल बैडमिन्टन एसोसिएशनका अध्यक्ष स्वर्गीय छिरिङ शेर्पाको आकस्मिक निधन प्रति गहिरो शोक व्यक्त गरेको छ। क्लबका अध्यक्ष अविनाश ठकुरीको अध्यक्षता मा सम्पन्न सभामा छिरिङ शेर्पाको आकस्मिक निधनले सम्पुर्ण जीटीए क्षेत्रमा बैडमिन्टनको निम्ति अपुर्ननीय क्षति भएको वक्ताहरुले बताए।

****** ० ******

**भाषा दिवस -मिरिक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सूचना एव सांस्कृतिक बिभागको आयोजनामा आगामी २० अगस्तमा नेपाली भाषा दिवस जी टि ए क्षेत्र भरि नै भब्य रुपमा पालन गर्ने निर्णय लिएको छ स यसै प्रसंगमा मिरिक महकुमा अन्तर्गत बिभिन्न बिद्यालयहरुलाई लिएर अंतर्बिध्यालय निबन्ध प्रतियोगिता आयोजना गर्ने जानकारी जी टि ए का मिरिक थर्बू डुम्रिन समस्टिका सभासाद मिलेश राईले दिनुभएको छ।

****** ० ******